"समृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार"

# आर्थिक वर्ष २०७९/८० को

# नीति तथा कार्यक्रम

बकैया गाउँपालिका

मकवानपुर

बागमती प्रदेश, नेपाल

२०७९ साल असार १० गते

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१. नेपालको संविधान जारी भएपछि दोस्रो पटक यस गाउँपालिका र वडाको निर्वाचन सम्पन्न भएको छ । निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतन्त्रलाई जगैदेखि बलियो बनाएको छ । यस सुखद पृष्ठभूमिमा आठौं गाउँसभाको प्रथम बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ । यस घडीमा नेपाली जनताले मुलुकको स्वतन्त्रता, सावाभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि पटक-पटक गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्दोलन लगायत विभिन्न आन्दोलन, त्याग र बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहीद प्रति हार्दिक श्रद्धान्जली तथा बेपत्ता र पीडीत नागरिकहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. लोकतन्त्र र संघीयताको आधारशिलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गराउने निर्वाचन आयोग, निर्वाचन सम्पन्न गर्न अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, आम मतदाता लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । साथै निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुमा हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

३. विगत दुई वर्षदेखि विश्वभर फैलिएको कोर्भड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार, प्राकृतिक प्रकोपको प्रभाव न्यूनीकरण र खोजी, उद्धार र तथा राहत वितरण कार्यमा आर्थिक, प्राविधिक एवम् व्यवस्थापकीय सहयोग पुर्याउने नेपाल सरकार, बागमती प्रदेश सरकार, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, विकास साझेदार निकाय, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, स्थानीय नागरिक, स्वयंसेवक लगायत विपद्को समयमा अहोरात्र खटिई अग्रपङ्क्तिमा रही सेवा गर्नुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

४. नेपालको संविधान, संघ, प्रदेश सरकार एवम् यस गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, दिगो विकासको लक्ष्य, राजनीतिक दलहरुको चुनावी घोषणा, सम्माननीय राष्ट्रपतिबाट २०७९ जेठ १० मा संघीय संसदमा प्रस्तुत संघीय सरकारको नीति तथा कार्यक्रम, माननीय प्रदेश प्रमुखबाट २०७९ जेठ २५ मा बागमती प्रदेश सभामा प्रस्तुत बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, राजनीतिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु, गाउँपालिकाको मौलिक विशेषता र स्थानीयबासीको आकाङ्क्षा, राजनीतिक दल र नागरिक समाजबाट प्राप्त सुझावहरु समेतको आधारमा बकैया गाउँ कार्यपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

५. यो नीति तथा कार्यक्रमको कार्यान्वयन गर्दा गुणस्तरीय जनशक्तिको उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारीका अवसरहरुको वृद्धि, कृषिको आधुनिकीरण, विविधिकरण र व्यवसायीकरण, पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन, दिगो विकास, पर्यावरणीय संरक्षण र सन्तुलन, असमानता र गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य तथा स्वच्छ खानेपानी माथि सहज पहुँच, अत्यावाश्यक उपभोग्य वस्तुहरुको सुदृढ र सहज आपुर्ति, विद्युत विस्तार तथा भोल्टेज सुधार, खेलकुद विकास, विपद व्यवस्थापन, सुशासन र सार्वजानिक सेवामा नागरिकहरुको सहज पहुँचलाई प्राथमिकता दिईनेछ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

६. अब म यीनै पृष्ठभूमीहरुको सेरोफेरोमा रहेर तयार गरिएको आ.व. २०७९।८० को समष्टिगत नीतिहरु तथा विषयगत रुपमा हरेक क्षेत्रको विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन क्षेत्र अनुसार छुट्टाछुट्टै नीतिहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**समष्टिगत नीतिहरु**

७. यस गाउँपालिका क्षेत्रका करिब ६० प्रतिशत घरधुरीका घरमुलीसंग आफ्नो परिवारका नाममा जग्गा दर्ता प्रमाणपुर्जा प्राप्त नभएको, नापनक्सा समेत नभएको ऐलनी जग्गा भएको र त्यस्ता जग्गाको तथ्यांक संकलन भईसकेको तथा वडा नं. ५ र ६ मा नापीनक्साको कार्य भईरहेकोमा सबै वडाहरुमा नापीनक्सा कार्य गरी न्यूनतम क्षेत्रफलको जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन स्थानीय तहको तर्फबाट तिव्रतर प्रकृया अगाडी बढाइने तथा सो का लागि सम्बन्धीत निकायलाई आवश्यक पहल गरिनेछ । साथै यस भन्दा पहिले नापीनक्सा सम्पन्न भएका लालपुर्जा प्राप्त नभएका जग्गा समेतको लालपुर्जा वितरणको प्रकृयामा समावेश गरिनेछ ।

८. यस गाउँपालिकालाई आ.व. २०७७।७८ माघ २९ गते बालमैत्री घोषणा गरिएकोमा बालमैत्री शासन अभियानलाई दिगोपनाका लागि बालमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथै गाउँपालिकाको सामाजिक विकास शाखा मातहत रहने गरि बालमैत्री सिकाई केन्द्रको स्थापना गरिने छ ।

९. यस गाउँपालिकाको सबै वडाहरुबाट गाउँपालिकाको केन्द्रमा जोडिएको मदन भण्डारी लोकमार्गसँग सडक सञ्जाल जोडिसकिएकोमा उक्त सडकहरुलाई स्तरोन्नती गर्दै लगिने छ ।

१०. यस गाउँपालिकाभित्र रहेका बागमती नदि, धन्सार खोला, चाँदेखोला, बकैया खोला, सिमातखोला र यससँग जोडिएको हरेक खोलाबाट भइरहेको र हुन सक्ने सम्भावित क्षतीलाई मध्यनजर गर्दै यो खोलाहरुमा आवश्यक तटबन्धन गरी वस्ती तथा उर्वर भुमी बचाउन संरक्षण कार्यक्रमलाई बकैया तथा सिमात खोलाको शिरको आवश्यक क्षेत्रदेखि नै व्यवस्थित बनाइनेछ । साथै सम्बन्धीत सरकारी तथा गैह्र सरकारी निकायसँग समन्वय गरि अघि बढिनेछ ।

११. बागमती नदि, धन्सार खोला, चाँदेखोला, बकैया खोला, सिमातखोला नियन्त्रण प्रणाली परियोजना लागु गराउन र सो को उचित कार्यान्वयनका लागि पहल गरिने छ ।

१२. बकैया गाउँपालिकाबाट यस गाउँपालिकाका वडाहरुमा गाउँपालिका स्तरीय बजेट विनियोजन गर्दा सम्बन्धित वडाको जनसंख्या, क्षेत्रफल, भौगोलिक विकटता, विकास निर्माण कार्यमा स्थानीय जनताको अग्रसरता, आवश्यकता, भारित लागत आदिका आधारमा समतामुलक बजेट विनियोजन गरिनेछ ।

धर्मराज लामिछाने
अध्यक्ष

१३. वडा, विषयगत क्षेत्र तथा संस्थाहरुबाट माग भई आएका योजनाहरुको संकलन गरी गाउँपालिका स्तरीय योजना बैंक बनाईएकोमा त्यस्ता योजनाहरुलाई प्राथमिकताको आधारमा क्रमशः सञ्चालन गर्दै लगिनेछ ।

१४. यस गाउँपालिकाका विभिन्न वडाहरुका दुरदराजमा छरिएर रहेका तथा जोखिममा रहेका घरधुरीहरुलाई समेत विकासको मुलप्रवाहमा ल्याउन त्यस्ता वस्तीहरुलाई स्थानान्तरण गरी एकिकृत बस्ती विकास गर्न एकिकृत वस्ती विकास गुरुयोजना निर्माण गरि अघि बढिनेछ ।

१५. गाउँपालिका क्षेत्रभित्र रहेका प्रत्येक घरधुरीलाई समावेस गराएर टोलविकास संस्था गठन कार्यलाई निरन्तरता दिइनेछ । साथै त्यस्ता टोल विकास संस्थालाई गाउँपालिकाको समग्र विकासमा सहचारिको रुपमा क्रमशः अघि बढाइनेछ ।

१६. गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२) तयार भईसकेकोमा उक्त आवधिक योजनासङ्ग समन्वय हुनेगरी वार्षिक योजनाहरु तय गरिनेछन् । विकास योजनाहरु अल्पकालिन, मध्यकालिन र दिर्घकालिन छुट्याएर योजनाहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१७. गाउँपालिकामा विकास योजना सञ्चालन गर्दा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्दै योजनाहरु कार्यान्वयन गरिनेछ ।सुरक्षित आप्रवासन कार्यक्रमलाई गाउँपालिकाको सबै वडाहरुमा विस्तारको रणनीति अवलम्बन गरिने छ ।

१८. १५ वर्ष भन्दा बढी अवधि कार्य गरेका निजी, राहत करार, वालविकास शिक्षक तथा कर्मचारीलाई अवकाश हुँदाको बखत कार्यविधि बनाई सुविधा उपलब्ध गराइने व्यवस्था गरिने छ ।

१९. गाउँपालिकाका निर्वाचित प्रतिनिधि र कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि, नेतृत्व विकास र विषयगत ज्ञान बढोत्तरी गर्दै सक्षम र व्यावसायिक जनशक्ति निर्माणमा जोड दिइने छ । साथै कर्मचारीहरुलाई उचित प्रोत्साहनको नीति अवलम्वन गरिने छ ।

२०. स्थानीय तह स्थापना भए पश्चात संघीय व्यवस्था संस्थागत गर्नका लागि यस गाउँपालिकाले विभिन्न ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरि कार्यान्वयनमा ल्याएको छ । संवैधानिक प्रावधान अनुरुप स्थानीय तहको एकल अधिकार र साझा अधिकार सूचीमा रहेका विषयहरुसँग सम्बन्धित बाँकी रहेका आवश्यक कानुनहरु क्रमशः निर्माण गरिने छ । हालसम्म तर्जुमा भएका कानुनहरुको कार्यान्वयन प्रभावकारिताको अध्ययन गरिने छ ।

२१. गाउँपालिकाको वस्तुस्थितीको सम्बन्धमा वृतचित्र बनाएर अवस्थाको विश्लेषण गरिने छ ।

२२. गाउँपालिका क्षेत्रको सार्वजानिक जग्गाहरु संरक्षणको लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

२३. यस गाउँपालिकाको दक्षिण भाग स्थित वडा नं. १ को श्रीथली, ख्याकु, मोरङ्गे, ईपिलवस्ती, रजुवा वडा नं. २ को धरापे र मोहरी तथा ६ को भालुखोला, भक्तलाल, बुङ्जर, रामथली, उपचौरथली, खोपिल्टो, गडवान, गवरस्थानसङ्ग बारा तथा रौतहट जिल्लाको सिमा सम्बन्धि समस्या रहेकोमा सो समस्या निरुपणको लागि नेपाल सरकर तथा सम्बन्धित निकायहरुसङ्ग समन्वय तथा विशेष पहल गरिनेछ ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज कार्की
अध्यक्ष

२४. बकैया गाउँपालिकाको प्राकृतिक स्रोतसाधन तथा अन्य राजश्वका क्षेत्रहरुको समेत पहिचान गरि न्यायोचित र अर्थपूर्ण रुपमा राजश्वको दायरा बढाईनेछ ।

## क्षेत्रगत नीति तथा आधारहरु

### आर्थिक विकास

२५. कृषि तथा पशुपालन क्षेत्र यस गाउँपालिकाको तुलनात्मक लाभको क्षेत्र भएकोले कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणबाट मात्र यस गाउँपालिकाको समुन्नती सहज हुने भएकोले कृषि क्षेत्रको विकासमा विशेष पहल गरिनेछ ।

२६. कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक अनुदानको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उत्पादित कृषिजन्य तथा पशुजन्य उपजको सहज बजार पहुँचलाई सुनिश्चित गरिनेछ ।

२७. पशुपालन व्यवसायको लागि हरियो घाँस र साइलेज घाँस उत्पादनको लागि विशेष अनुदान सहितको कार्यक्रम ल्याइनेछ । साथै दाना उद्योग सञ्चालनको लागि अनुदान व्यवस्था सहित प्रकृया अगाडी बढाइने छ ।

२८. पशुपालन तथा कृषिको लागि ठुला आकारका कृषि केन्द्र तथा कृषिजन्य उद्योगको स्थापानको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

२९. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । सिँचाइ, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।साथै सामुदायिक बनमा आधारित उद्यम र बाँझा तथा खाली जमिनमा फलफुल, जडिबुटी, बेदबाँस वृक्षारोपणको कार्यक्रम अन्य संघ संस्थाहरुसङ्गको समेत सहकार्यमा सञ्चालन गरिने छ ।

३०. कोभिड-१९ को महामारी लगायतका कारण वैदेशिक रोजगारी तथा अन्य क्षेत्रबाट यस पालिकामा फर्किएका स्थायी बासिन्दालाई कृषि पेशामा आवद्ध गराउने कार्यलाई विशेष जोड दिइनेछ।साथै वैदेशिक रोजगारीबाट फर्किएका र अन्य बरोजगार यूवाहरुलाई उद्यम व्यवसाय सञ्चालनकोलागि छुट्टै कोष सञ्चालन गरिनेछ।

३१. गाउँपालिका क्षेत्रमा तरकारी उत्पादन तथा बजारीकरणमा बढोत्तरीका निम्ति तरकारी उत्पादक किसानको लागि प्रोत्साहनको नीति अवलम्बन गरिने छ ।

३२. एक वडा एक लघु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ । कृषि ऋण कोष व्यवस्थापन गरी व्यवसायिक कृषि कार्यलाई प्राथमिकता दिइनेछ ।

३३. खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताका लागि कृषि, पशुपंक्षी तथा मत्स्य क्षेत्रको व्यवसायिकीकरण र बजारीकरण मार्फत यस गाउँपालिकालाई प्रमुख कृषि उपजहरुमा आत्मनिर्भर बनाउँदै लगिने छ । साथै बाँझो जग्गामा खेतीका लागि प्रोत्साहनको नीति अवलम्बन गरिने छ ।

३४. सम्भाव्य फलफूल, तरकारी तथा खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ ।साथै उच्च तथा नवीनतम प्रविधियुक्त संरचनामा गरिने खेतीलाई निरन्तरता दिइने छ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीलेट, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

३५.	दुग्ध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिइने छ ।

३६.	सिञ्चित क्षेत्र विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्न लिफ्ट सिँचाइ, डिप बोरिङ, साना सिँचाइ, प्लास्टिक पोखरी जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३७.	प्रमुख खाद्यान्न बालीको गुणस्तरीय उन्नत बिउ उपलब्धता वृद्धि गर्नुका साथै स्थानीय रैथाने जातिका बिउहरुको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

३८.	प्राङ्गारिक र कम्पोष्ट मल उत्पादन, जैविक खेती र सोको उपयोग गर्न तथा उत्पादनको बजारीकरणका लागि अनुदान प्रोत्साहन र प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।सहकारी तथा सामुहिक खेतीलाई विशेष जोड दिइनेछ ।

३९.	कृषि हाटबजार, व्यवस्थित पशु तथा कृषिजन्य सामाग्री संकलन तथा विक्रीवितरण व्यवस्थाको लागि स्थल छनौट तथा सो को लागि आवश्यक पहल गरिनेछ । कोभिडको कारण बन्द भएका हाटबजारहरु पुनः सञ्चालनमा ल्याई निरन्तरता दिइनेछ ।

४०.	पशुपंक्षीहरुमा लाग्ने विभिन्न सङ्क्रामक रोगहरु विरुद्ध खोपको सुनिश्चितता गरिने छ । रैथाने/स्थानीय जातका पशुपंक्षीहरुको उत्पादनमा जोड दिँदै आनुवांशिक स्रोत संरक्षण, प्रवर्धन र सदुपयोग गरिने छ ।

४१.	सहकारी क्षेत्र नेपाल सरकारको ३ खम्बे अर्थनीति मध्येको एक प्रमुख खम्बा भएकोले सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकासको लागि आवश्यक पहल गरिनेछ ।

४२.	सहकारी संस्थालाई थप व्यवस्थित गर्न सहकारी सम्बन्धी विभिन्न कार्यक्रम तथा कृयाकलापहरुलाई निरन्तरता दिइनेछ।

४३.	सहकारी एकीकरण नीतिलाई प्राथमिकता दिइनेछ।

४४.	निष्कृय रहेका सहकारीहरुलाई सकृया बनाउन पहल गरिने छ । सकृया हुन नसकेका सहकारी संस्थाहरुलाई विघटनको प्रकृया अगाडी बढाईने छ ।

४५.	सहकारी संस्थालाई व्यवस्थित रुपमा अगाडी बढाउनका लागि एक वडामा एकै प्रकृतिका सहकारी संस्थाहरु एक भन्दा बढी दर्ता नहुने गरि व्यवस्था मिलाइने छ ।

४६.	कृषि सहकारी नभएका वडाहरुमा कृषि सहकारी निर्माणको लागि प्रोत्साहन गरिने छ । बचत तथा ऋण सहकारी र बहुउद्देश्य सहकारीको कार्यक्षेत्र विस्तारलाई प्राथमिकता दिई सेवा पुर्याउन बाँकी रहेका क्षेत्रमा नयाँ सहकारि दर्ताको लागि पहल गरिने छ ।

४७.	नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

४८.	बकैया ठाकुर मन्दिर पर्यटन पार्क, गौतम बुद्ध पर्यटन पार्क, धनेश्वर पर्यटन पार्क, रुद्रस्थली पर्यटन पार्क, लटरम्मेश्वर महादेव मन्दिर क्षेत्र, सत्यस्वरुप महादेव मन्दिर क्षेत्र, मोरङ्गे धयरवास झरना, भुवनेश्वर मन्दिर क्षेत्र, सरस्वती भमरा पर्यटन पार्क, नाग झरना, हात्तीसुँडे छाडन पिकनिक पार्क, सेलडाँडा पर्यटन पार्क, छत्रेश्वर मन्दिर, गितावर वाल उद्यान, कुटि भकारी मन्दिर, नौखामे नार्गेल डाँडा दुधेश्वर महादेव मन्दिर, सिमात झरना जस्ता रमणीय क्षेत्रको विकास विस्तार

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने अध्यक्ष

गर्दै गाउँपालिकाका अन्य स्थानमा पर्यटन क्षेत्रको विस्तार गरिनेछ । गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटन गुरुयोजना निर्माण गरी अघि बढिनेछ ।

४९. धियाल डाँडा भ्यू टावर, सरस्वती भ्यू टावर, टिकुली भ्यू टावर, सरस्वती मोहरी जीपलाईन जस्ता पर्यटकीय प्रवर्द्धन क्षेत्र विस्तारको लागि आवश्यक पहल गरिने छ ।

५०. भमरा होमस्टे, जुरेली माझी वस्ती होमस्टे, जुइना अँधेरी होमस्टे, ठिंगन घलेगाउँ होमस्टे लगायत ठाउँमा होम स्टे निर्माणको लागि सम्भाव्यता अध्ययन तथा निर्माणको प्रकृया अगाडी बढाइनेछ ।

५१. बकैया गाउँपालिका क्षेत्रभित्र साहसिक पर्यटन प्रवद्धनको लागि सम्भाव्यता अध्ययनको प्रकृया अगाडी बढाइनेछ ।

## समाजिक विकास

### स्वास्थ्य

५२. मौलिक हकहरुको रुपमा रहेको गुणस्तरीय निःशुल्क आधारभुत स्वास्थ्य सेवालाई सुरक्षित प्रसूति सेवा सहितको न्युनतम सेवा मापदण्ड अनुसारको सेवा सम्पूर्ण वडाका स्वास्थ्य संस्थाहरुमार्फत निरन्तर रुपमा प्रदान गरिनेछ।

५३. गाउँपालिका स्तरमा कम्तिमा एउटा १५ शैयाको अस्पताल रहने प्रावधान रहेको र छतिवन स्थित १५ शैयाको बकैया आधारभूत अस्पताल स्थापना भईसकेको तथा उक्त अस्पतालको लागि सुविधा सम्पन्न भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन तयार भईसकेकोमा विद्युतिय ठेक्का प्रकृया मार्फत भवन निर्माण कार्य अगाडी बढाइने छ ।

५४. नेपाल सरकारको नीतिको रुपमा रहेको नो होम डेलिभरी कार्यक्रमलाई यस गाउँपालिकाले समेत आत्मसात गरी सफल पार्न आवश्यकता अनुसार बर्थिङ्ग सेन्टरहरु व्यवस्थित गरी आवश्यकता अनुसार थप गरिनेछ । नो होम डेलिभरीलाई बढावा दिन गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे सेवा, यातायात सुविधा लगायत सेवाग्राहीहरुलाई प्रोत्साहन गर्ने विविध कृयाकलापहरु सञ्चालन गरिने छ ।

५५. २४ घण्टे आकस्मीक सेवालाई नियमित र प्रभावकारी बनाउनुका साथै पोषण सम्बन्धि कार्यक्रमहरुलाई बहुक्षेत्रीय लगानीका रुपमा निरन्तरता एवं पूर्ण पोषणयुक्त गाउँपालिका, पूर्ण खोप, पूर्ण संस्थागत प्रसुति बनाउनुका साथै परिवार नियोजनका लामो समयका साधनको प्रयोग दरलाई बढाई कुल प्रजनन् दरमा कमी ल्याइनेछ । उल्लेखित सेवाहरुलाई प्रभावकारी बनाउन एम्बुलेन्स सेवा विस्तार गर्नुका साथै दुर्गम क्षेत्रको लागि स्ट्रेचरको व्यवस्था समेत गरिनेछ । ।प्रसुती सेवाको लागि दिइने प्रोत्साहनलाई निरन्तरता दिइनेछ

५६. महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यलाई प्रभावकारी बनाईनेछ । महिला स्वास्थ्य स्वयंसेविका कोषलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ । साथै क्षमता अभिवृद्धि गरि आवश्यक प्रोत्साहन सहित महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

५७. द्वन्द्ध पिडीत तथा असाहाय बालबालिकालाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराइनेछ । साथै स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

५८. क्षयरोग, भिटामिन ए, विद्यालय स्वास्थ्य शिक्षा, अन्तर्कृया, स्वास्थ्य सम्बन्धी जनचेतना लगायतका थप कार्यक्रमहरु सञ्चालन गरि स्वास्थ्यका विषयवस्तुमा सबै नागरिकहरुलाई सुसूचित गराईनेछ ।

५९. सरुवा रोगको साथसाथै नसर्ने रोगहरुको रुग्ण दरमा कमी ल्याउने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

६०. गाउँपालिकाका बिरामीहरुको लागि आवश्यक रगतको व्यवस्थापन पालिकाबाट निःशुल्क रुपमा गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६१. गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा अक्सिजनको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६२. औषधी उपचारको क्रममा आर्थिक समस्यामा परेका हरुको लागि आवश्यक कार्यविधि तयार गरि आर्थिक सहयोगको व्यवस्था मिलाईने छ ।

६३. गाउँपालिका स्थित विभिन्न सामुदायिक स्वास्थ्य इकाई तथा बर्थिङ्ग सेन्टरहरुलाई स्तरोन्नतीको नीति अवलम्बन गरिने छ ।

६४. गाउँपालिका स्थित हात्तीसुँडेमा स्थापित आयुर्वेद औषधालयलाई भौतिक पूर्वाधारको व्यवस्थापन लगायत थप सुदृढिकरणका साथ सञ्चालनको व्यवस्था मिलाइने छ ।

६५. योग साधना तथा स्वस्थ खानपानको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने नीति लिइनेछ ।

## शिक्षा

६६. सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षाको बिचमा देखिएको खाडल कम गर्न शैक्षिक शत्र २०७६ देखि शुरु भएको केही विद्यालयहरुका आधारभुत तहमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने विद्यालयको संख्या विस्तार गरिनेछ ।

६७. सामुदायिक विद्यालयका शिक्षकहरुलाई बालमैत्री पठनपाठन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरि बालमैत्री कक्षाको व्यवस्थापन गर्नुका साथै विषय शिक्षकहरुको समुहमा गाउँपालिका स्तरमा शिक्षण सिकाई सम्बन्धी नमुना कक्षाको व्यवस्था गरिनेछ ।

६८. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, प्रारम्भिक वालविकास सहजकर्ता, प्रधानाध्यापक, विषय शिक्षक, गाउँ शिक्षा समितिहरुलाई आ-आफ्नो भुमिका, उत्तरदायित्व, सीप विकास लगायत जिम्मेवारी वहन गराउन तालिम सेमिनार गोष्ठीहरु सञ्चालन गरिने छ ।

६९. शिक्षक तालिमलाई गुणस्तरता अभिवृद्धि गर्दै थप प्रभावकारी बनाइनेछ ।अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, कक्षा अवलोकन, पृष्ठपोषणलाई जोड दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धन गरिनेछ र सो सन्दर्भमा कक्षा १-५ सम्मको शिक्षालाई विशेष प्राथमिकता दिँदै माद्यामिक शिक्षाको जगलाई मजवुद बनाइने छ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

७०. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याउनका लागि विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

७१. स्रोत विद्यालय, सामुदायिक विद्यालय र अन्य विद्यालयहरुमा भौतिक पुर्वाधार, विज्ञान प्रयोगशाला, जनशक्ति लगायतको उचित व्यवस्थापन गरिनेछ ।

७२. प्रत्येक वडाका कम्तीमा १-१ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकसित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७३. आवासीय विद्यालयहरुको शुरुवात गरिनेछ। साथै गाउँपालिका क्षेत्रमा क्याम्पस सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

७४. कोभिड-१९ बाट भएको शैक्षिक क्षति न्यूनिकरणका लागि सिकाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। सो को लागि वैकल्पिक शिक्षण सिकाई पहिचान तथा कार्यक्रम गरिनेछ।

७५. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा विधार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ । साथै दरवन्दी मिलान गर्दा समेत दरवन्दी अपुग भएको अवस्थामा कार्यविधी निर्माण गरी त्यस्ता विद्यालयहरुलाइ विशेष अनुदान दिने मार्गमा अघि बढिनेछ ।

७६. भौगोलिक विकटतालाई समेत ध्यानमा राखि विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजनको नीति लिईनेछ।

७७. प्रसूति सट्टा शिक्षक व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

७८. गाउँपालिका भित्रका सामूदायिक विद्यालय सवलीकरण नीति अवलम्बन गरिनेछ।

७९. हरित विद्यालयको अवधारणालाई निरन्तरता दिइनेछ ।

८०. बालमैत्री विद्यालय र विद्यार्थी सिकाउ टिकाउ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८१. प्राविधिक शिक्षा तथा उच्च शिक्षाका लागि जेहेन्दार छात्रवृत्ति कार्यक्रमलाई मापदण्ड सहित विस्तार गर्दै निरन्तर रुपमा सञ्चालन गरिनेछ । सो को लागि दलित, सिमान्तकृत समदायका विपन्न नागरिक तथा अपाङ्गहरुलाई विशेष प्राथमिकतामा राखिनेछ । सो को लागि शुन्य व्याज ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ । अविभावक विहिन अनाथ वालवालिकाहरु विशेष संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. गाउँपालिका भित्र प्राविधिक शिक्षा निःशुल्क उपलब्ध गराइनेछ।

८३. बालमैत्री कार्यक्रमहरु सञ्चालनको लागि बालकोषको स्थापना गरि सञ्चालन गरिनेछ।

८४. स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

८५. कक्षा ११ र १२ सञ्चालित सामुदायिक माद्यामिक विद्यालयलाई थप अनुदानको व्यवस्था गरिने छ ।

८६. बाल विकास शिक्षक ताथ विद्यालय कर्मचारीहरुको तलबमान संघीय सरकारको नीति अनुरुप कार्यान्वयन गरिदैं लगिने छ ।

८७. जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने नारालाई सार्थक बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विषयगत, तहगत शिक्षक, कर्मचारी, बालविकास शिक्षक व्यवस्थापन गरिने छ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

८८. योग सम्बन्धि विषयवस्तुलाई विद्यालय शिक्षामा समावेश गरि सो अनुरुपका कृयाकलापहरु व्यवस्थित रुपमा सञ्चालन गरिने छ ।

## खानेपानी तथा सरसफाई

८९. स्वच्छ खानेपानी माथि सबैको पहुँच सुनिश्चित गरिनेछ । जसका लागि १ घर १ धारा नीति अवलम्बन गरि लागु गरिनेछ ।

९०. हरेक वडाको एक वस्तीलाई सरसफाईमा नमुना बस्तीको रुपमा विकसित गर्न आवश्यक पहल गरिनेछ ।सो को लागि टोल विकास संस्थालाई सबल र सक्षम बनाई कार्यान्वयन गरिनेछ ।

९१. गाउँघर सरसफाईको नीति अवलम्बन गरिनेछ ।

९२. गाँउपालिका स्तरमा नै जलस्रोत समिति दर्तालाई निरन्तरता दिइने छ ।

९३. गाँउपालिका भित्र खानेपानीको स्वच्छता परिक्षण कार्यलाई अगाडि बढाइनेछ ।

९४. गाउँपालिका भित्रको फोहोर मैला व्यवस्थापनको लागि निश्चत क्षेत्र तोकि व्यवस्थित गरिनेछ ।

## भाषा, साहित्य तथा संस्कृति प्रवर्द्धन

९५. स्थानीय भाषा, कला, साहित्य संस्कृती, पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण सम्बर्द्धन गरि आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

९६. विभिन्न धर्म, जाती, संस्कृती अनुसार मृत्यु संस्कार कृयाकलापको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

९७. अति सिमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातीहरुको संस्कृति संरक्षण तथा प्रवर्द्धनका लागि संग्रहालय निर्माणको लागि जोड दिइनेछ ।

९८. गाउँपालिका स्तरीय झरना-बकैया बाङ्मय प्रतिष्ठान गठन प्रकृया अगाडी बढाइनेछ ।

## लैङ्गिक समानता र समावेशीकरण

९९. बालविवाह निवारणका लागि सम्बन्धित निकायसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

१००. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाती, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण गर्न आवश्यक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०१. महिलाहरुलाई सीपमूलक तालिम प्रदान मार्फत क्षमता अभिवृद्धि गरि उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२. लैङ्गिक हिंसा न्यूनीकरणका लागि सरोकारवाला निकायहरुसँग अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ । किशोरीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. विशेष अवस्थामा रहेका गर्भवती, वृद्ध र वालवालिकाहरुलाई आवश्यक सेवा प्रदान गरिनेछ । अति विपन्न वर्गका महिलाहरुलाई कार्यविधि बनाई विपन्न महिला प्रसुती पोषण सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

१०४. लक्षित वर्ग उत्थान कार्यक्रम अवलम्बन गरि विपन्न दलित समुदायको मौलिक आधुनिक उद्योग सञ्चालन गर्न चाहेमा परियोजना लागत सहभागिताको आधारमा सौलियत ऋण तथा अनुदान उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

१०५. अपाङ्ग परिचय पत्र वितरण गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री उपलब्ध गराउने तथा सीप विकास तालिम सञ्चालन गरिनेछ ।

१०६. अपाङ्ग, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, सिमान्तिकृत समुदायको सशक्तीकरणको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । उक्त समुदायलाई रोजगार लगायतका अवसरहरुमा प्राथमिकताको नीति अवलम्बन गरिनेछ ।

१०७. सहयोगापेक्षी सडक मानवमुक्त अभियानलाई अन्य निकायहरुसँगको समन्वय तथा सहकार्यमा निरन्तरता दिइने छ ।

१०८. गाउँपालिकाका बालबालिका तथा युवालाई लक्षित गरी लागु औषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव वेचविखन र विद्युतीय अपराध विरुद्ध सचेतना अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

१०९. अति विपन्न महिलाहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

११०. महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आयआर्जनका कार्यक्रम सञ्चालन गरिने छ ।

१११. १० वर्षे जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग र सहिद परिवार सहित बहिर्गमित परिवारलाई राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन जिविकोपार्जनमा सहयोग गरिनेछ ।

११२. महिला मात्र उपभोक्ता रहेका उपभोक्ता समितीलाई बढी प्राथमिकता दिइनेछ ।

११३. वडाहरुमा मनोविमर्शकर्ताको व्यवस्था गरिनेछ।

११४. बाल श्रम न्यूनिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११५. एकल महिलाहरुको लागि आय आर्जन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

११६. जेष्ठ नागरिकका अनुभव संगाल्दै संरक्षण र सम्बर्द्धनमा ध्यान दिइनेछ ।

**खेलकुद तथा मनोरन्जन**

११७. खेलकुद क्षेत्रको विकास मार्फत यस गाउँपालिकालाइ जिल्ला, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित गराउन आवश्यक खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ । साथै खेलाडीहरुको आवश्यक क्षमता विकासमा जोड दिइनेछ ।

११८. गाउँपालिका स्तरीय खेलकुद विकास समिति लाई व्यवस्थित गरिने छ ।

११९. गाँउपालिका स्तरीय कभर्ड हलको निर्माण कार्यलाई प्राथमिकताको साथ अगाडी बढाइने छ । साथै खेलाडीहरुको लागि आवश्यक प्रशिक्षणको लागि प्रशिक्षकको व्यवस्था गरिनेछ ।

१२०. खेलकुद क्षेत्रको विकास र विस्तारका लागि खेलकुद क्षेत्रका विभिन्न सँस्थाहरुसङ्ग समन्वय गरि अघि बढिनेछ ।

धर्मराज लामिछाने
अध्यक्ष

१२१. जिल्लाका अन्य स्थानीय तहहरुसँगको लागत साझेदारीमा सञ्चालन हुँदै आएको स्थानीय तह सहिद स्मृती फुटबल कार्यक्रम तथा राष्ट्रिय माझी गोल्ड कपको लागि गरिने लागत साझेदारीलाई निरन्तरता दिइने छ । गाउँपालिकामा सञ्चालन हुने बकैया कप फुटबललाई निरन्तरता दिइने छ । साथै फुटबल, भलिवल, क्रिकेट, कराँते, व्याडमिन्टन जस्ता खेलहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।

१२२. जुरेली स्थित खेलकुद मैदानलाई मिनि रङ्गशालाको रुपमा विस्तार गर्दै लगिनेछ । हात्तीसुँडे स्थित निर्मित गाउँपालिका स्तरीय रंगशालालाई आवश्यक सुधार गर्दै लगिने छ । नेपाल सरकारसँगको सहकार्यमा कर्मचुली खेल मैदानको स्तरोन्नती गर्दै लगिनेछ ।

१२३. एक वडा एक खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

पुर्वाधार विकास

**बकैया गाउँपालिकाको रहर विकासमा लहर भन्ने नारालाई निरन्तरता दिँदै देहाय बमोजिमका पुर्वाधार विकासका गतिविधि सञ्चालन गरिने छ।**

सडक निर्माण

१२४. गाउँपालिकाको केन्द्रबाट प्रत्येक वडा केन्द्रसम्म निर्माण गरिएको सडकहरुलाई स्तरोन्नती गरिनेछ । प्रत्येक वडा केन्द्र देखि प्रत्येक गाउँसम्म न्यूनतम मापदण्ड अनुसारको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२५. गाउँपालिका भित्र ट्र्याक ओपन भइसकेका सडकहरुलाइ बाह्रै महिना चल्ने बनाउन ती सडकहरुको क्रमानुगत तवरले स्तरोन्नती गर्दै लगिनेछ । साथै सडकहरु स्ल्याब ढलान र पिचको कार्यलाई प्राथमिकता दिइनेछ ।

१२६. गाउँपालिकाको पारवाहन गुरुयोजना तयार गरी गाउँपालिकाका सबै वडाहरुलाई व्यवस्थित तरीकाले सडक संजालमा जोड्ने कार्य अघि बढाइनेछ ।

१२७. विशेष महत्वका क्षेत्रहरु पर्यटन पार्क, विद्यालय लगायतका क्षेत्रमा सडक सञ्जाल सहज गराइनेछ।

१२८. "बकैया बासीको आवश्यकता गोल सडकलाई प्राथमिकता" भन्ने अवधारणाको साथ विकास गतिविधि सञ्चालन गरिनेछ ।

१२९. मन्थली हात्तीसुँडे सडक, ठिंगन हात्तीसुँडे सडक, जुरेली घुम्ती सडक, श्रीपुर रतनपुरी सडक, बागदेव सरस्वती दोभान सडक, हिरामुनी हुँदै बागमती जोड्ने सडक, सुधा साततले सडक तथा विजलडाँडा धियाल पाङ्दुरे सडकलाई विशेष प्राथमिकताको साथ स्तरोन्नती गरिनेछ ।

१३०. गाउँपालिकामा निर्माण तथा स्तरोन्नती भएका सडकहरुको नियमित, आवधिक तथा आकस्मिक मर्मत सम्भार कार्यलाई योजनाबद्ध ढङ्गबाट कार्यान्वयन गरिने छ

१३१. पूर्वाधार निर्माणको गुणस्तर मापनका लागि मिनिल्यावको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

१३२. सडक निर्माणको कारणबाट सिर्जित भू-क्षय तथा पहिरो न्यनीकरणका लागि बायो इन्जिनियरिङ तथा सडक सौन्दर्यीकरणको लागि वृक्षारोपण कार्यलाई विशेष ध्यान दिइने छ ।

१३३. वातावरणीय परिक्षण गरेर योजना सञ्चालन प्राथमिकता दिइनेछ ।

१३४. यस गाउँपालिका वडा नं. ७ भिरकोटमा बसपार्क निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

**विद्युतीकरण**

१३५. यस बकैया गाउँपालिकाका सबै वडाहरुमा विद्युत सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । साथै हालसम्म विद्युत नपुगेका क्षेत्रहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।

१३६. बकैया गाँउपालिका वडा नं. ४ भिमसेन दमारमा निर्माणाधिन सव स्टेशनलाई छिटो निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

१३७. गाउँपालिकाको विभिन्न क्षेत्रहरुमा विद्युत सेवा उपलब्धतामा सहजताका लागि फ्यूज शाखा स्थापनाको लागि आवश्यक पहल गरिने छ । गाउँपालिका कार्यालयमा भोल्टेज सुधार कार्य प्राथमिकताको साथ गरिनेछ ।

**पुल तथा झोलुङ्गे पुल**

१३८. बकैया गाउँपालिका भित्र आवश्यकता अनुसार पक्कीपुल, वेलीवृज तथा झोलुङ्गे पुलको निर्माणको लागि प्रदेश तथा संघ र अन्य संस्थासङ्ग समन्वय गरि अघि बढिनेछ ।

**भवन तथा शहरी विकास**

१३९. भवन निर्माणलाइ व्यवस्थित गर्न तयार भएको गाउँपालिकाको शहरी विकास मापदण्ड तथा भवन निर्माण संहिता अनुसार निर्माण कार्यलाई निरन्तरता दिइने छ । साथै व्यवस्थित शहरीकरणलाई प्राथमिकता दिइ सोहि बमोजिम गुरुयोजना निर्माण गरी अघि बढिनेछ ।

१४०. जोखिम बस्तीहरुको पहिचान गरि आवश्यकता अनुसार स्थानान्तरणका लागि पहल गरिनेछ।

१४१. घर नक्सा पासको कार्यलाई सबै वडामा सूचना प्रवाह गरि निरन्तरता दिइनेछ ।

१४२. बकैया गाउँपालिका भित्रका कृषिक्षेत्र र गैह्र कृषि क्षेत्र जमिन छुट्याइनेछ ।

**सिचाँई**

१४३. गाउँपालिकाको पहुँचमा रहेका सिंचाई आयोजनाहरुलाई निरन्तरता दिइनेछ।

१४४. गाउँपालिका भित्र संचालन गर्न सकिने बृहत सिचाइ परियोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आवश्यक बजेट व्यवस्थाको लागि संघीय तथा प्रदेश तहमा पहल गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन**

१४५. गाउँपालिकाबाट सडक निर्माण लगायतका विकास निर्माण कार्य सञ्चालन गर्दा आवश्यकता अनुसार वातावरणीय प्रभाव मुल्याङ्कन गरि वातावरण मैत्री बनाइनेछ ।

१४६. चटयाङ्गको सुरक्षाका लागि अति संवेदनसील क्षेत्रमा लाईटिङ्ग एरेष्टरको प्रयोग गरि चटयाङ्बाट वर्षेनी भइरहेको मानवीय क्षतिलाई न्यूनीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. सामुदायिक वनहरुसँगको सहकार्यमा वन तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।साथै वनजङ्गलमा लोप हुँदै गएका जडिबुटी तथा फलफुलजन्य वोटविरुवाहरुलाई आवश्यकता अनुसार

विस्तार गर्दै संरक्षण गरिनेछ । सामुदायिक वन उपभोक्ता समितिसङ्ग वन तथा समुदायमा आधारित अभिमुखिकरण तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

१४८. बकैया गाउँपालिकाको वन ऐन २०७८ पारित भइसकेकोमा गाउँपालिका र सामुदायिक वन उपभोक्ता समितिहरुसङ्गको सहकार्यमा संरक्षण, सम्बर्द्धन, उद्यमशिलता तथा उपभोग गर्ने नीति लिइनेछ र सो सम्बन्धमा कार्यविधि बनाइ अघि बढिनेछ ।

१४९. घरबाट निस्कने फोहोर व्यवस्थापनको लागि कन्टेनरहरुको व्यवस्थापन गर्दै फोहोरको उचित व्यवस्थापन समेतमा ध्यान पुर्याईनेछ । गाउँपालिकाका विभिन्न स्थानहरुमा सार्वजानिक शौचालयहरुको व्यवस्थाको लागि आवश्यक अध्ययन गरिनेछ ।वातावरण संरक्षणमा टोल विकास समितिलाई जिम्मेवार बनाइनेछ ।

१५०. एक घर दुई फलफुल विरुवा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

१५१. समृद्ध र हराभरा बकैया गाउँपालिकाको नारा सहित दिगो विकासलाई मध्यनजर गर्दै विकास गतिविधि सञ्चालन गरिनेछ ।

१५२. बाढी, पहिरो, चटयाङ, हावाहुरी, आगलागी लगायतका प्रकोप पिडितहरुलाई आवश्यक सहयोग गरिनेछ।जोखिम न्यूनिकरणका लागि आवश्यक पूर्वतयारी गरिनेछ ।

१५३. सडक दुर्घटना जोखिमलाई न्यनीकरणका लागि ट्राफिक नियमको पालना तथा सडक सुदृढिकरणको लागि आवश्यक कायर्क्रम गरिनेछ ।

१५४. जोखिम वस्तीहरुको पहिचान गरि आवश्यकता अनुसार स्थानान्तरण गरिनेछ।

## उद्योग

१५५. यस गाउँपालिकामा विभिन्न उद्योग सञ्चालन गर्न चाहने निजी व्यवसायीहरुलाई प्रोत्साहनको नीति लिइनेछ ।

१५६. निजी क्षेत्रसङ्गको सहकार्य तथा साझेदारीमा प्राङ्गारिक र कम्पोष्ट मल उत्पादन लगायतको कृषिजन्य उद्योग स्थापनाको लागि पहल गरिनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१५७. बकैया गाउँपालिकाको सेवाप्रवाहलाई चुस्त दुरुस्त र सहज बनाउन गाउँपालिकाको स्थायी प्रशासकीय भवन निर्माणको लागि विद्युतिय ठेक्का मार्फत ठेक्का सझौता समेत भइसकेकोमा भवन निर्माण प्रकृयालाई द्रुत रुपमा अघि बढाईनेछ ।

१५८. गाउँपालिका भित्रका सबै कार्यालयहरुमा आवश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पुर्वाधार, ईन्टरनेट प्रणाली, सूचना प्रणालीको विकास गर्दै जनप्रतिनिधि तथा कार्यालयका कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१५९. वित्तिय व्यवस्थापनको जवाफदेहिता र क्षमतामा अभिवृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त दुरुस्त र कम्प्युटराईज गरिनेछ ।

१६०. कार्यक्रम तथा बजेटको आयव्यय विवरण सजिलै देखिने ठाउँमा टाँस गर्नुका साथै सार्वजानिक सुनुवाई कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

१६१. सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ्ग प्रणाली मार्फत गर्ने कार्यलाई निरन्तरता दिइने छ । साथै यस गाउँपालिकाबाट हुने सम्पुर्ण कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत गरिने छ ।

१६२. सार्वजानिक सेवा प्रवाह तथा सार्वजानिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, जवाफदेही, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ ।

१६३. समिक्षा, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुशासनलाई प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६४. भ्रष्टाचारजन्य कृयाकलाप प्रति शुन्य सहनशीलताको अवधारणा मार्फत सुशासनमा टेवा पुर्याईनेछ । बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१६५. पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता कार्यलाइ सबै वडाबाट संचालन गरिनेछ ।

१६६. गाउँपालिकाको पार्श्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्तचित्र निर्माणजस्ता कार्यलाई निरन्तरता दिँदै गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ।

१६७. सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिनरी औजारले सुसज्जित गरी सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाइनेछ ।

१६८. दिगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्द्धन सम्भव छैन ।थप राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिनेछ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

१६९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिकाको अन्य विकास योजना तथा कार्यक्रमहरु सङ्ग समन्वय गरि अगाडी बढाइनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको जनशक्ति परिचालन गर्दै निर्माण सामाग्री गाउँपालिकाले व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।

१७०. यस गाउँपालिका अन्तर्गत दर्ता भएका बेरोजगार व्यक्तीहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममूलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराईनेछ ।

१७१. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

१७२. नेपाल सरकारको नीति बमोजिम "आफ्नो माटो चिनौं, आफ्नै गाउँ बनाऔं" स्वावलम्बन अभियान सञ्चालन गरि युवाहरुलाई रोजगारीको अवसर पहिचानमा सहजीकरण गरिनेछ ।

१७३. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार साझेदारी कोष निर्माण गरि सञ्चालन गरिनेछ । साथै नेपाल सरकार तथा बागमती प्रदेश सरकार सङ्गको सहकार्यमा रोजगार सञ्चालन कार्यविधि निर्माण गरि श्रम सहकारीसङ्ग आवद्ध गर्दै लागु गरिनेछ ।

## सूचना तथा सञ्चार

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

१७४. गाउँपालिका स्तरमा बकैया एफ.एम. सञ्चालन, पत्रपत्रिका साथै अन्य सञ्चार सेवा सञ्चालनको लागि प्रकृया अगाडि बढाइनेछ ।

१७५. नेपाल टेलिकमको टावर विस्तारका लागि विभिन्न निकायहरुसङ्ग समन्वय गर्दै सञ्चार सुविधा विस्तार गरिनेछ ।

## अन्य

१७६. बकैया २ कालापानी धियाल तथा बकैया ७ तल्लो सिंतान टोल गोत्रे खहरे सम्म फैलिएर रहेको युरेनियमलाई नेपाल सरकार र बागमती प्रदेश सरकारसङ्ग समन्वय गर्दै परिक्षणको कार्यलाई अगाडि बढाइनेछ ।

१७७. बकैया ८ र ९ मा रहको फलाम खानीलाई नेपाल सरकार र बागमती प्रदेश सरकारसङ्ग समन्वय गर्दै परिक्षण तथा उत्खनन् को लागि पहल गरिनेछ ।

१७८. खरको छानामुक्त गाँउपालिका निर्माणको लागि विपन्न वर्ग, द्वन्द्व पिडित, सहिद परिवार, सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर जस्ताको छाना छाउने कार्यका लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१७९. सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा आवश्यक सफ्टवयेरको व्यवस्थापन गरिनेछ।

१८०. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना प्रणाली सुदृढिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१८१. सम्पूर्ण नागरिकको सर्वाङ्गीण हित गर्दै हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै विकास निर्माणलाई गति दिने अठोटका साथ आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

१८२. सम्मानित गाउँसभामा प्रस्तावित यस नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात् यस गाउँपालिकाको राजनीतिक, आर्थिक र सामाजिक व्यवस्थामा उल्लेख्य सुधार भई सामाजिक न्याय स्थापित हुने र नागरिकको जीवनस्तरमा सुधार तथा रुपान्तरण हुने विश्वास गरेको छु । नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई हितकारी संघ र संस्था तथा नागरिक समाजबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। गाउँपालिकाको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैको महत्वपूर्ण भूमिका रहने अपेक्षा गर्दै यस गाउँपालिकाका सम्पूर्ण नागरिकहरुवीच समन्वय समझदारी एवम् सहकार्यको आशा गर्दछु ।धन्यवाद।।।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष